मिति: ११ मे २०२६

श्री विपिन दुवाडीज्यू,
कार्यवाहक राजदूत
Embassy of Nepal
12A Kensington Palace Gardens
W8 4QU, UK

विषय - गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक (संशोधित तथा परिमार्जित पहिलो मस्यौदा) प्रति घोर आपत्ति!

कार्यवाहक राजदूतज्यू,
नमस्कार।

गत बैशाख ९ गते कुनै आधिकारिक तथा विश्वसनीय माध्यम स्पष्ट नगरी "छलफलका लागि" भन्दै सार्वजनिक गरिएको गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको संशोधित तथा परिमार्जित पहिलो मस्यौदाप्रति CNCBG (Continuation of Nepali Citizenship for British Gurkhas) -(बृटिश गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान) को गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालको "संविधान धारा २" ले सार्वभौम सत्ता नेपाली जनतामा निहित रहने र कुनै पनि नेपाली नागरिकलाई नागरिकताबाट वञ्चित नगरिने व्यवस्था गरिएको भएतापनि "नेपाली नागरिकता ऐन २०६३, को दफा १०(१)" मा कुनै पनि नेपाली नागरिकले "आफूखुशी" अन्य कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा निजको नेपाली नागरिकता कायम नरहने भन्ने व्यवस्था गरिएको छ, , जसले राष्ट्रको सार्वभौमिकता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रको स्वाभिमानलाई सधै उँचो राखेका छन्; तर, भर्तिका कारण नेपाल सरकारको अनुमतिमा आवासीय अधिकार प्राप्त गरेर बेलायतमा बसोबास गरेका गोर्खा तथा उनीहरूको सन्तानमाथि अन्याय गरेको छ।

उक्त पहिलो मस्यौदामार्फत नेपाली नागरिकता ऐन, २०६३ को दफा १०(१) अन्तर्गत समाधान हुनुपर्ने बृटिश गोर्खा तथा तिनका सन्ततिहरूको नेपाली नागरिकता निरन्तरताको ऐतिहासिक, कानुनी तथा नैतिक विषयलाई गैरआवासीय नेपाली (एन.आर.एन) को सामान्य मुद्दासँग जोडेर एउटै टोकरीमा हाल्ने प्रयास गरिएको देखिएकाले यो केवल त्रुटिपूर्ण मात्र नभई गोर्खा समुदायको इतिहास, बलिदान, पहिचान र योगदानमाथिको ठाडो अपमान हो भन्ने हाम्रो स्पष्ट निष्कर्ष रहेको छ।

दुई शताब्दीभन्दा लामो इतिहास भएको, नेपालको अस्तित्व, सार्वभौमिकता, राष्ट्रिय सुरक्षा तथा अन्तर्राष्ट्रिय पहिचानका लागि रगत बगाएका र ज्यानको आहुती दिएका गोर्खा र तिनका सन्ततिहरूलाई गैरआवासीय नेपालीको हैसियतमा सीमित गर्ने प्रयास नेपाल सरकारको अत्यन्त गैरजिम्मेवार, असंवेदनशील र इतिहासप्रति बेइमानीपूर्ण कदम हो। नेपालको राज्य स्वयंले गरेको भर्ती व्यवस्थाका कारण बेलायतमा रहन परेका गोर्खाहरूलाई आज आएर "एनआरएन" को रूपमा वर्गीकरण गर्नु राज्यको

नैतिक असफलता हो। त्यसैले गोर्खा र तिनका सन्ततिहरूको नागरिकताको विषयलाई एन.आर.एन. ऐनभित्र जबरजस्ती गाभ्ने कुनै पनि प्रयास हामीलाई कदापि स्वीकार्य छैन। यदि नेपाल सरकारले गोर्खाहरूको ऐतिहासिक यथार्थ, योगदान र विशेष अवस्थालाई बेवास्ता गर्दै उनीहरूलाई एन.आर.एनको सीमित परिभाषाभित्र राख्ने प्रयास जारी राख्दछ भने त्यसबाट उत्पन्न हुने गम्भीर असन्तुष्टिको सम्पूर्ण जिम्मेवारी नेपाल सरकार स्वयंले लिनुपर्नेछ।

कार्यवाहक राजदूतज्यू,

तसर्थ, भर्तिका कारण बेलायतमा बसोबास गर्न परेका गोर्खाहरूको नागरिकता सम्बन्धी समस्या समाधानका लागि नेपाल सरकारसँग सि.एन.सि.बि.जि. साथै अन्य गोर्खाजन्य संघसंस्थाहरूका प्रतिनिधिमण्डलको औपचारिक तथा गहन छलफलको व्यवस्था यथाशिघ्र मिलाई त्यस सम्बन्धी राजदूताबासबाट भएका सम्पूर्ण पत्राचार साथै सम्बन्धित निकायहरुको जवाफ जस्ताको तस्तै तुरुन्त जानकारी गराईदिनु हुनपनि हामी बिनम्र अनुरोध गर्दछौं।

धन्यवाद।

भवदीय,

भक्त राना
महासचिव
सिएनसिबिजी, यूके।
CNCBG (Continuation of Nepali Citizenship for British Gurkhas)

Contact details:
Mobile no. +44 784677502
Email: ranabhakta3779@gmail.com, Info@cncbg.org

**नत्थी गरिएको कागजातहरू**

सिएनसिबिको अवधारणपत्र
सिएनसिबिजिको मार्गचित्र

CM: Tharka Rana, DCM: Dal Budhathoki, Netra Ale, Sobhraj Gurung, Khadak Budha, Deputy Chairwoman: Mira Kandangwa, Gen Sec: Bhakta Rana, Spokesperson: Padam Thapa, Treasurer: Yam Thapa, Media Secretary: Mohan Gurung, Deputy Spokesperson: Dirga Grg, Deputy Sec: Jit Gharti Magar, Asst Sec: Manoj Pun, Deputy Media Sec: Paras Rana, Sec: Anil Thapa, , Web host: Ista Lopchan & Krishna Rai, Members/Area Representatives: Yanka Ale, Khar Gurung, Ram Galami, Yam Pun, Gajbir Thapa, Lt (Retd) Kamal Rai, Karna Darlami, Om Gurung, Netra Thapa Baral, Kumar Rana, Lt (Retd) Rajan Mall, Mahadev Thapa, Chitra Thapa, Chhabi Lal Thapa, Jit Rana, Meg Bura, Mohan Gurung, Prem Thapa,, Dammarkaji Grg Email, org4cncbg@gmail.com, bhakta-rana@hotmail.co.uk, tharkabdrana@gmail.com, Website: www.cncbg.org Mobile: +44 7859884822, +44 7846776502 Postal Address: 62 Fakenham Way, Owlsmoor, Sandhurst, Berkshire, Post Code: GU47 0YS, England United Kingdom, Contact in Nepal: +9779849045691 Advocate Chet Ale Magar, Email: advocateale@gmail.com, Hum Thapa +977 9841593606, Email: humthapa@hotmail.com, Nepal liaison officer: Bhim Rana Email:bhim.rana@hotmail.co.uk